VERMONT

**Department of Health**
108 Cherry Street
Burlington, VT 05402
healthvermont.gov

**Agency of Education**
1 National Life Drive, Davis 5
Montpelier, VT 05604
education.vermont.gov

अगस्ट 5, 2021

भर्मोन्टका आदरणीय आमाबुबा तथा अभिभावकहरू:

नयाँ शैक्षिक वर्ष नजिकिँदै गर्दा हामी तपाईंहरुलाई तपाईंहरुले COVID-19 महामारीभरि नै आफ्ना बच्चा, परिवार तथा स्कुलहरूलाई सुरक्षित राख्नका निम्ति गर्नुभएका असाधारण प्रयासहरूका लागि धन्यवाद दिन चाहन्छौँ। अब शैक्षिक वर्ष सुरु हुने दिन नजिकिँदै गर्दा सुरक्षित तथा स्वस्थ रहने सबैभन्दा उत्तम तरिका भनेको तपाईंको बच्चा 12 वा सोभन्दा बढी उमेरका छन् भने उनले खोप लगाएका छन् भनेर सुनिश्चित गर्नु हो ।

तपाईंले अहिले COVID-19 भाइरसको म्युटेट भएको भर्सन डेल्टा भेरियन्टका बारेमा एकदमै धेरै सुनिरहनुभएको हुनसक्छ । यो डेल्टा भेरियन्ट अझ बढी सङ्क्रामक छ र संयुक्त राज्य अमेरिका तथा भर्मोन्टभरि नै फैलिरहेको छ ।

भाग्यवश, COVID-19 का खोपहरूले डेल्टा भेरियन्टलगायतका भाइरसको कारणले हुने अस्पताल भर्ना र मृत्यु रोक्नमा एकदमै राम्रोसँग काम गर्छन् । तपाईंको बच्चाले पूर्ण रूपमा खोप लगाइसकेपछि उनी बिरामी हुने जोखिम अत्यन्तै कम हुन्छ र उनी बिरामी भइहाले भने पनि लक्षणहरू गम्भीर हुने सम्भावना निकै कम हुन्छ ।

खोपहरू सुरक्षित छन् । यो हामीले वैज्ञानिक परीक्षणहरूबाट र संयुक्त राज्य अमेरिकामा 12 देखि 17 वर्ष बीचका 1 करोड बच्चाहरू लगायत करोडौं मानिसहरूले सुरक्षित रूपमा खोप लगाएको कारणले गर्दा थाहा पाएका हौँ । केही हल्का साइड इफेक्टहरू देखिनु सामान्य कुरा हो र थप गम्भीर साइड इफेक्टहरू विरलै मात्र देखिन्छन् । खोपहरू अलि छिटो विकास गरिएको भन्ने लाग्न सक्छ तर वास्तवमा ती खोप अन्य रोगहरूको उपचार गर्न दशकौंदेखि प्रयोग भइरहेको विज्ञान प्रयोग गरेर बनाइएका हुन् ।

तपाईंसँग अझै पनि प्रश्नहरू छन् वा तपाईं थप जानकारी चाहनुहुन्छ भन्ने कुरा हामी बुझ्छौँ । यदि तपाईं त्यसो चाहनुहुन्छ भने कृपया खोपहरूका बारेमा थप जान्नका लागि आफ्नो बच्चाको स्वास्थ्य सेवा प्रदायक वा तपाईंको पारिवारिक चिकित्सकसँग कुरा गर्नुहोस् ।

COVID-19 को खोप लगाउन निःशुल्क, छिटो तथा सरल छ र राज्यभरिका क्लिनिक तथा फार्मेसीहरूले हरेक दिन अपोइन्टमेन्टविना नै खोपहरू उपलब्ध गराइरहेका छन् । आफू नजिकको खोप क्लिनिक पत्ता लगाउनका लागि कृपया यहाँ जानुहोस्: healthvermont.gov/MyVaccine । अहिले धेरै स्वास्थ्य सेवा प्रदायकहरूले आफ्नो कार्यालयमा पनि खोप प्रदान गर्छन्, त्यसैले तपाईं आफ्नो बच्चाको प्रदायकलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ ।

तपाईंको बच्चाले जति चाँडो पहिलो डोज लगाउँछन्, उनी त्यति चाँडो नै खोपबाट पूर्ण रूपमा सुरक्षित हुनेछन् । खोप लगाउनाले तपाईंको बच्चाले स्वस्थ हुने र स्कुलमा सुरक्षित रहने राम्रो मौका मात्र पाउने नभएर खोप लगाउन नमिल्ने मानिसहरूलाई सुरक्षित राख्नमा पनि मद्दत मिल्छ ।

तपाईंलाई धन्यवाद छ र तपाईं आफ्नो खोप लगाउनका लागि तयार हुँदा हामी यहाँ तपाईंलाई सहयोग गर्न तत्पर छौँ ।

भवदीय,

मार्क लेभिन (Mark Levine), M.D.

कमिस्नर, भर्मोन्ट स्वास्थ्य विभाग

डेनियल एम. फ्रेन्च (Daniel M. French), Ed.D.

सेक्रेटरी, भर्मोन्ट शिक्षा एजेन्सी

VERMONT

**Department of Health**
108 Cherry Street
Burlington, VT 05402
healthvermont.gov

**Agency of Education**
1 National Life Drive, Davis 5
Montpelier, VT 05604
education.vermont.gov

August 5, 2021

Dear Vermont parents and guardians:

As we approach a new school year, we wanted to thank you for your extraordinary efforts to keep your children, families and schools safe throughout the COVID-19 pandemic. Now, as the start of the school year approaches, **the best way to stay safe and healthy is to make sure your child is vaccinated if they are age 12 or older**.

You may be hearing a lot about the Delta variant – a mutated version of the COVID-19 virus that is more contagious and is spreading around the U.S. and in Vermont.

Fortunately, COVID-19 vaccines work extremely well at preventing hospitalization and death due to the virus, including the Delta variant. Your child's risk of getting sick goes down dramatically once they are fully vaccinated – and even if they do get sick, symptoms are likely to be much less severe.

The vaccines are safe. We know this from scientific trials, and because hundreds of millions of people in the U.S. – including more than 10 million kids ages 12 to 17 – have been safely vaccinated. Some mild side effects are normal, and more serious side effects are very rare. It may seem like the vaccines were developed quickly, but they are actually made using science that has been used for decades to treat other diseases.

We understand if you still have questions or want more information. If you do, please talk with your child's health care provider or your family doctor to learn more about the vaccines.

Getting a COVID-19 vaccine is free, quick and easy, with clinics and pharmacies all over the state providing vaccines without an appointment every day. To find a vaccine clinic near you, please visit healthvermont.gov/MyVaccine. Many health care providers now also offer vaccine in their office, so you can also reach out to your child's provider.

The sooner your child gets a first dose, the sooner they will be closer to full vaccine protection. Your child will not only have a greater chance to be healthy and stay in school safely, but it also helps protect those who can't be vaccinated.

Thank you, and we are here for you when you are ready to get your shot,

Sincerely,

Mark Levine, M.D.
Commissioner, Vermont Department of Health

Daniel M. French, Ed.D.
Secretary, Vermont Agency of Education